# हाते इम्ब्रोइडर

## छोटो अवधिको

## पाठ्यक्रम

(कम्पिटेन्सीमा आधारित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पाठ्यक्रम विकास महाशाखा

सानोठिमी, भक्तपुर

२०६४

परिमार्जन २०७०

# विषय सूची


परिचय .......... 3
कार्यक्रमको लक्ष्य तथा उद्देश्यः .......... 3
पाठ्यक्रम विवरणः .......... 3
लक्षित समूहः .......... 3
प्रशिक्षार्थी संख्याः .......... 3
तालिम प्रवेशको लागि न्यूनतम योग्यताः .......... 3
समयावधिः .......... 4
प्रशिक्षणको माध्यमः .......... 4
न्यूनतम उपस्थितिको आवश्यकताः .......... 4
प्रमाणपत्र सम्बन्धी व्यवस्थाः .......... 4
प्रशिक्षक प्रशिक्षार्थी अनुपातः .......... 4
प्रशिक्षकको न्यूनतम योग्यताः .......... 4
प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रियाः .......... 4
तालिम संचालनार्थ आवश्यक भौतिक पूर्वाधारः .......... 4
भवन तथा कोठाहरूः .......... 4
उपकरण तथा औजार : .......... 5
हाते इम्ब्रोइडरको कोर्ष संरचना .......... 8
मोड्यूल : १ : औजार र उपकरण संचालन .......... 9
मोड्यूल : २ : क्याटलग अध्ययन/व्याख्यान .......... 18
मोड्यूल : ३ : इम्ब्रोइडरी/सितारा जडान/टचासिङ्ग .......... 21
मोड्यूल : ४ : कपडामा ढांचा छपाई .......... 29
मोड्यूल : ५ : टांकाहरुको कार्य .......... 35
मोड्यूल : ६ : इम्ब्रोइडरी फिलिङ्ग .......... 42
मोड्यूल : ७ : अन्तिम तयारी कार्य .......... 54

## परिचय

सीप र ज्ञानमा निपुणता भएका व्यक्तिले देश निर्माण र विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने कुरा निर्विवाद छ। यसै कुरामा आधारित भएर बजारमुखी छोटो अवधिका पाठ्यक्रम निर्माण गर्ने क्रममा यो हाते इम्ब्रोइडरको पाठ्यक्रम तयार गरिएको हो । इम्ब्रोइडरी पेशामा प्रवेश गर्नका लागि ज्ञान र सीपयुक्त हाते इम्ब्रोइडर उत्पादन गर्न यो पाठ्यक्रम उपयोगी हुने विश्वास गरिएको छ। यसमा मुख्यतया रोजगारीका लागि आवश्यक पर्ने सीप र ज्ञान र सकारात्मक सोच भएका जनशक्ति उत्पादन गर्ने कुरामा जोड दिइएको छ । यो पाठ्यक्रम अनुसार प्रशिक्षण लिएका प्रशिक्षार्थीहरूले इम्ब्रोइडरी सम्बन्धी काम हुने स्थानहरूमा रहेर यस पेशामा आवश्यक पर्ने प्रयोगात्मक सीपहरू हासिल गर्नेछन् । यस किसिमका ज्ञान र सीप प्राप्त गरिसकेपछि उनीहरू इम्ब्रोइडरी सम्बन्धी काम गर्ने स्थानहरूमा रोजगार वा स्वरोजगार हुने अवसर प्राप्त गर्नेछन्। यसबाट युवा जमात रोजगार वा स्वरोजगार भई राष्ट्रको गरीबी निवारणका लागि महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछन्।

## कार्यक्रमको लक्ष्य तथा उद्देश्यः

यस पाठ्यक्रमले बुटिकको काम गर्न सक्ने सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर लक्ष्य लिएको छ।

**यस पाठ्यक्रमका उद्देश्यहरू :**

- बुटिकको कार्य गर्न आवश्यक पर्ने विभिन्न किसिमका औजार उपकरण संचालन गर्ने ।
- फेशन डिजाइनका क्याटलगहरू पढ्न र प्रस्तुत गर्ने ।
- सीतारा वा बुट्टाहरू हाल्ने ।
- ट्रेसिङ्गपेपरमा बुट्टाहरू उतार्ने ।
- लुगाहरूमा बुट्टाहरू छाप्ने ।
- बुट्टाहरू भर्ने ।
- फेशन तयारी गर्ने ।

## पाठ्यक्रम विवरणः

बुटिक पेशा अन्तरगत पर्ने हाते इम्ब्रोइडेरी सम्बन्धी ज्ञान र सीपबाट प्रशिक्षार्थीहरूलाई सुसज्जित पार्न यो यो पाठ्यक्रम तयार गरिएको हो । यसले खासगरी हाते इम्ब्रोइडेरीसंग सम्वन्धित ज्यावल उपकरणहरू चिन्ने, संचालन गर्ने, फेशन डिजाइनका क्याटलगहरू पढ्ने, प्रस्तुत गर्ने, टेसिङ्गपेपरमा बुट्टाहरू उर्तार्ने, बुट्टाहरू छाप, विभिन्न किसिमका बुट्टाहरू भर्ने र फिनिसिङ्ग सम्बन्धी ज्ञान र सीप प्रदान गर्दछ।

## लक्षित समूहः

आधुनिक युवा तथा अन्य विभिन्न उपभोक्ताहरूका चाहना अनुसारका बुट्टा भर्ने तथा फेशन डिजाइन गर्न इच्छुक नेपाली युवा तथा युवतीहरू ।

## प्रशिक्षार्थी संख्याः

एक समूहमा अधिकतम २० जना ।

## तालिम प्रवेशको लागि न्यूनतम योग्यताः

क. पांच कक्षा उत्तीर्ण ।

ख. कम्तीमा १५ वर्ष उमेर पुगेका,

ग. मानसिक तथा शारीरिक रूपमा स्वस्थ,

## समयावधिः

यस पाठ्यक्रमको कुल समयावधि ३९० घण्टा कायम गरिएको छ । जसमा सैद्धान्तिक प्रशिक्षणका लागि २० प्रतिशत र प्रयोगात्मक प्रशिक्षणका लागि ८० प्रतिशत समय विभाजन गरिएको छ ।

## प्रशिक्षणको माध्यमः

प्रशिक्षणको माध्यम नेपाली/अंग्रेजीमा हुनेछ ।

## न्यूनतम उपस्थितिको आवश्यकताः

तालिम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति भएका प्रशिक्षार्थीहरूले मात्र तालिम सहभागीताको प्रमाण-पत्र प्राप्त गर्न सक्नेछन् ।

## प्रमाणपत्र सम्बन्धी व्यवस्थाः

सफलतापूर्वक तालिमसम्पन्न गरेपछि प्रशिक्षार्थीहरूले **हाते इम्ब्रोइडर**को प्रमाणपत्र प्रदान प्राप्त गर्नेछन् । यो प्रमाणपत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले स्वीकृत गरेबमोजिमको ढांचामा तालिम दिने संस्थाले नै प्रदान गर्नेछ ।

## प्रशिक्षक प्रशिक्षार्थी अनुपातः

सैद्धान्तिक कक्षामा प्रशिक्षक प्रशिक्षार्थीको अनुपात (१:२०) र प्रयोगात्मक कक्षामा १:१० हुनु पर्नेछ ।

## प्रशिक्षकको न्यूनतम योग्यताः

इम्ब्रोडरी तह १ को सीप परीक्षण उत्तीर्ण गरी कम्तीमा ३ वर्षको अनुभव भएको ।

## प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रियाः

प्रत्येक कार्यहरू सम्पादन गर्दा क्रमिक मूल्याङ्कन तथा अनुगमनको आधारमा प्रशिक्षार्थीको योग्यता निर्धारण गरिनेछ । अन्तमा, कुनै एक प्रोजेक्ट दिई त्यसको सम्पादनका आधारमा अन्तिम योग्यता तोकिनेछ ।

## तालिम संचालनार्थ आवश्यक भौतिक पूर्वाधारः

### भवन तथा कोठाहरूः

क. कार्यालय कोठा – १ वटा

ख. कक्षा कोठा २० जना अट्ने – १ वटा

(कम्तीमा प्रति प्रशिक्षार्थी १ वर्गफिट स्थानको हिसाबले २० वर्ग फिटको कक्षा कोठा हुनुपर्नेछ । कक्षा कोठामा पर्याप्त प्रकाश तथा हावाको व्यवस्था हुनुपर्नेछ ।

ग. आगन्तुक कक्ष - १ वटा

घ. प्रशिक्षक तयारी कक्षा - १ वटा

ङ. कार्यशाला कोठा - १ वटा

(कम्तीमा प्रति प्रशिक्षार्थी १० वर्ग फिट स्थानको हिसाबले २० वर्ग फिटको कार्यशाला हुनुपर्नेछ) ।

च. कच्चा पदार्थ राख्ने गोदाम - १ वटा

छ. सामानहरू दिने/लिने कोठा - १ वटा

## उपकरण तथा औजार :

कार्यशालामा चाहिने आवश्यक औजार तथा उपकरणहरु (१० जना प्रशिक्षार्थीहरुको लागि)

| सि.नं | विवरण | परिमाण |
|---|---|---|
| १. | फलामको गोलो रिंग तान | १० थान |
| २. | काठको तान | २ |
| ३. | ८ नं कैंची | २ |
| ४. | थ्रेड सिजर | १० |
| ५. | सानो कैंची | १० |
| ६. | इस्त्री | २ |
| ७. | मेच | २ |
| ८. | कुशन | १२ |
| ९. | ह्वाईट बोर्ड | १ |
| १०. | स्टिल कचौरा | २ |
| ११. | मेजरिंग टेप | १ दर्जन |
| १२. | २४ इन्चको स्केल | १ दर्जन |
| १३. | टेबल | १ |
| १४. | थ्रेड ओपनर | १ दर्जन |
| १५. | कुरुष (सितारा/पोते र धागो) | ४-४ दर्जन |
| १६. | हाते सियो | १० पत्ता |
| १७. | सेतो सनमाइका टेबल | २ |
| १८. | पिट्ता | १ दर्जन |
| १९. | रिन्च | २ |
| २०. | सानो हम्मर | ५ |
| **आवश्यक कच्चा मालहरु (१० जना प्रशिक्षार्थीहरुको लागि)** | | |
| १. | साधा सुती कपडा | २० मीटर |
| २. | सुती धागो बिभिन्न रंगको | २० बट्टा |
| ३. | रेशम धागो | २० बट्टा |
| ४. | एंकर धागो | १० बट्टा |
| ५. | जरी धागो | १० लाछी |
| ६. | बटु धागो | १० लाछी |
| ७. | निमजरी धागो | १० बट्टा |
| ८. | ऊनी धागो २ प्लाई | १० लाछी |
| ९. | सितारा (प्लेन, डिस्को, ओपेक्स, सिप्पि, फूल, लाम्चो, कचौरा बिभिन्न रंगमा) | ५ केजी |

| | | |
|---|---|---|
| १०. | पोते/मोती (गोलो, कटदाना, छ्वाली, सुराही, मोती, सिल्भरमाला आदि) | ५ केजी |
| ११. | बिड्स/स्टोन | १ केजी |
| १२. | टिका, फूली, सल्मा, ऐना, कोरा, नोक्सी, ऐना फ्रेम, सिसा | १/१ केजी |
| आवश्यक सहायक कच्चा मालहरु (१० जनाको लागि) | | |
| १. | सितारा पोते राख्ने बट्टा | ३ दर्जन |
| २. | रोलर गम | १ दर्जन |
| ३. | बाल्टिन | २ थान |
| ४. | पंजा | १२ जोर |
| ५. | एप्रोन | १ दर्जन |
| ६. | टेलरिंग चक | १० बट्टा |
| ७. | पेपर कटर | १ दर्जन |
| ८. | फ्रेम बेर्ने कपडा | २० दर्जन |
| ९. | रिंग फ्रेमको लागि नट बोल्ट | २० सेट |
| १०. | हात धुने साबुन | २ दर्जन |
| ११. | मट्टितेल | ५ लिटर |
| १२. | रुमाल सानो | १ दर्जन |
| १३. | रुमाल ठूलो | २ दर्जन |
| १४. | नीर पाउडर | २ केजी |
| आवश्यक स्टेशनरी/विविध सामग्रीहरु | | |
| १. | कापी | १ दर्जन |
| २. | डटपेन | १ दर्जन |
| ३. | सार्पनर ठूलो | २ थान |
| ४. | करेक्सन पेन | १ दर्जन |
| ५. | साइन पेन | ३ दर्जन |
| ६. | पाइलट/जेल पेन | ३ दर्जन |
| ७. | इरेजर | ३ दर्जन |
| ८. | पेन्सील | ३ दर्जन |
| ९. | फलाटिन कपडा | १० मीटर |
| १०. | क्याटलग | १२ थान |
| ११. | कार्वन पेपर नीलो/सेतो | २-२ प्याकेट |
| १२. | ट्रेसिंग पेपर | २ रोल |
| १३. | ट्रेसिंग पेपर (ठूलो) | २ रिम |
| १४. | कलर पेन्सील वा कलरहरु | १२ बट्टा |

| | | |
|---|---|---|
| १५. | फिलिप चार्ट पेपर | आवश्यकता अनुसार |
| १६. | फ्ल्यास कार्ड | आवश्यकता अनुसार |
| १७. | फोटोकपी पेपर | आवश्यकता अनुसार |
| १८. | फाइल | आवश्यकता अनुसार |

नोट : तालीमका बखत सैद्धान्तिक बिषयको प्रशिक्षणका क्रममा उपलव्ध हुन सक्ने अवस्थामा ओभरहेड प्रोजेक्टर, फिलिपचार्ट बोर्ड, पिन बोर्ड प्रयोगमा ल्याउन सकिनेछ ।

## हाते इम्ब्रोइडरको कोर्ष संरचना

| मोड्यूलहरु | मुख्य कार्यहरू | प्रकृति | घण्टा | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | औजार र उपकरण संचालन | सै+प्र | २५ | ३०० |
| २ | क्याटलग अध्ययन/व्याख्यान | सै+प्र | १० | |
| ३ | इम्ब्रोइडरी/सितारा जडान/टचासिङ्ग | सै+प्र | ४५ | |
| ४ | कपडामा ढाँचा छपाई | सै+प्र | ४० | |
| ५ | टांकाहरुको कार्य | सै+प्र | ९५ | |
| ६ | इम्ब्रोइडरी फिलिङ्ग | सै+प्र | १६० | |
| ७ | अन्तिम तयारी कार्य | सै+प्र | १५ | |
| | **कूल** | | **३९०** | **३००** |

# मोड्यूल : १ : औजार र उपकरण संचालन

**समय : २५ घण्टा**

**कार्यहरु (Tasks)**

१. इञ्चटेप चलाउने (Handle Inchi Tape)
२. सियो चलाउने (Handle Needle)
३. कैंची चलाउने (Handle Scissor)
४. कुरूस चलाउने (Handle Kurus)
५. फ्रेम चलाउने (Handle Frame)
६. धागो चलाउने (Handle Thread)
७. पिट्टा चलाउने । (Handle Pitta)
८. आइरन चलाउने । (Handle Iron )

# कार्य विश्लेषण

समय : ३ घण्टा
निर्दिष्ट कार्य: १ इञ्चटेप चलाउने । सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. एक हातले इञ्चटेप पकड्ने,<br>४. नाप्ने वस्तु निश्चित ठाउँमा राख्ने,<br>५. अर्को हातले इञ्चटेप तन्काउने,<br>६. नापिएको ठाउँमा मार्क गर्ने,<br>७. इञ्चटेपलाई निश्चित ठाउँमा राख्ने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>टेबल<br>कपडा (नाप्ने वस्तु)<br>खरी (टेलरिङ्ग चक)<br>प्लान्ट (हल)<br>पञ्जा, एप्रोन<br><br>**निर्दिष्ट कार्य (के):**<br>इञ्चटेप चलाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>▪ इञ्च टेपको नाम पढ्न सकेको ।<br>▪ इञ्च, सेन्टीमिटर, मिलीमिटर आदि नापको इकाई बारेमा बताएको ।<br>▪ नाप्ने भागको नाम जानेको । | **इम्ब्रोइडरी**<br>▪ परिचय<br>▪ ऐतिहासिक पृष्ठभूमि<br>▪ महत्व<br>▪ किसिम<br>**इञ्चटेप**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ इन्च<br>▪ मीटर<br>▪ सेन्टिमिटर<br>▪ इन्च र सेण्टिमिटरको अदल बदल गर्ने<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरण:** टेबल, इञ्चटेप, खरी आदि ।
**सुरक्षा तथा सावधानी:** नाप्दा खेरी नापिएको बस्तु (सामान) तिर ध्यान दिने ।
इञ्चटेपलाई धेरै नतन्काउने ।

# कार्य विश्लेषण

समय : ३ घण्टा
निर्दिष्ट कार्यः २ सियो चलाउने । सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. एक हातको पाँचवटै औलाले सियोको बीच भागमा पकड्ने,<br>४. सियोलाई सिधा राख्ने<br>५. आँखाको अगाडि निश्चित दूरीमा सियो राख्ने,<br>६. अर्को हातले धागो समाउने,<br>७. कैंचीले धागोको टुप्पो काट्ने,<br>८. सियोको नथमा धागो उन्ने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>सियो<br>धागो<br>कपडा<br>मोति<br>सितारा<br>पञ्जा, एप्रोन<br><br>**निर्दिष्ट कार्य (के):**<br>सियो चलाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>▪ सियोको भागको नाम चिनेको ।<br>▪ सियोलाई सिधा चलाएको ।<br>▪ फिङ्गर क्याप उपयोग गर्न सकेको ।<br>▪ आफ्नो काममा ध्यान दिन सकेको । | **सियो**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ प्रयोग<br>▪ अपनाउनु पर्ने सावधानी<br>**धागो**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ प्रयोग<br>▪ अपनाउनु पर्ने सावधानी<br>▪ |

**ज्यावल तथा उपकरण :** विभिन्न साइजका सियाहरु
**सुरक्षा तथा सावधानी :** सियोको काम गर्दा औंलामा सावधान रहनु पर्दछ नत्र औंलामा सियोले घोच्न सक्छ ।
सियो चलाउँदा दायाँ, बायाँ, ध्यान दिनुपर्छ नत्र आफ्नो छेउमा भएको व्यक्तिलाई घोच्न सक्छ ।
कथंकदाचित सियोले घोचेमा टि.टी. इन्जेक्सन लगाउनेनु पर्दछ ।

# कार्य विश्लेषण

समय : ३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा

निर्दिष्ट कार्य: ३ कैंची चलाउने ।

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. कैंचीको सानो प्वालमा बुढी औंला राख्ने,<br>४. कैंचीको ठूलो प्वालमा बाँकी चार औंला राख्ने,<br>५. त्यसपछि औंलालाई विपरीत दिशामा तन्काउने,<br>६. कपडालाई कैंचीको दुई धारको बीचमा राख्ने,<br>७. कैंचीलाई चलाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>हल<br>टेबल<br>कपडा<br>मार्कर<br>स्केल<br>कैंची<br>पञ्जा, एप्रोन<br><br>**निर्दिष्ट कार्य (के):**<br>कैंची चलाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>▪ कैंचीको भागको नाम जानेको ।<br>▪ लगाइएको चिन्हमा ध्यान केन्द्रित गरी कैंची चलाएर कपडा काटेको ।<br>▪ कार्यस्थल सफा गरेको । | **कैंची**<br>▪ परिचय<br>▪ काम<br>▪ भागहरूको नाम र काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरण:** टेबल, मार्कर, स्केल, कैंची आदि ।
**सुरक्षा तथा सावधानी:** कटिङ्ग गर्दा गर्नेको ठाउँमा ध्यान केनद्रित गर्नुपर्छ ।
अन्यथा कपडा यता उता काटिन सक्छ ।
ध्यान अन्यत्र गएमा कैंचीले हात पनि काट्न्न सक्छ ।

# कार्य विश्लेषण

निर्दिष्ट कार्यः ४ कुरूस चलाउने ।

समय : ४ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ३ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. धागोलाई कम्तीमा ४ सरो गरी बटार्ने र यसरी बटारेको धागोलाई कुरुस सियोको टुप्पोबाट एक इञ्चजति छोडेर बाँकी भागमा बेर्ने ।<br>४. दाँया हातका पाँचवटै औंलाको सहायताले कुरूसको बीच भागमा समाउने,<br>५. बाँया हातको औंलाले धागो समाउने,<br>६. धागो घुमाएर कुरूसको प्वाइन्टमा राख्ने,<br>७. विपरीत दिशामा कुरूस घुमाई साङ्ली बनाएर धागोमा अड्काउने,<br>८. त्यसलाई विपरीत दिशामा घुमाउने,<br>९. धागो अड्काएर तान्ने र घुमाउने । | <u>अवस्था (दिइएको):</u><br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br><br>कुरूस<br>धागो<br>बस्ने कुशन<br>पञ्जा, एप्रोन<br><br><u>निर्दिष्ट कार्य (के):</u><br>कुरूस चलाउने ।<br><br><u>स्तर (कति राम्रो):</u><br>▪ कुरुस चलाउंदा ध्यान केन्द्रित गरेको ।<br>▪ हलुका किसिमले हात चलाएको ।<br>▪ औंलामा धागो बेर्न जानेको ।<br>▪ कुरूसको खापमा धागो अड्काएको । | **कुरूस**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ प्रयोग<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरणः** कुरूस, धागो आदि ।

**सुरक्षा तथा सावधानीः** कुरूसको प्वाइन्ट धारिलो र तिखो हुन्छ । त्यसकारण ध्यान यता उता नगर्ने बुन्दै गर्नेको ठाउँमा केन्द्रित गर्नु पर्दछ । अन्यथा हात घोच्न सक्छ ।

# कार्य विश्लेषण

निर्दिष्ट कार्य: ५ फ्रेम चलाउने ।

समय : ३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. फ्रेमलाई खोलेर दुई भाग गर्ने,<br>४. फ्रेमको बाहिरी वा भित्री रिङमा आवश्यकता अनुसार खस्रो खालको कपडा एकनासको हुने गरी मिलाएर बेर्ने ।<br>५. भित्री भागमा कपडा मिलाएर राख्ने,<br>६. बाहिरी फ्रेम मिलाएर माथिल्लो भागमा राख्ने,<br>७. फ्रेमको माथिको भागमा रहेको पेच कस्ने,<br>८. फ्रेममा च्यापिएको कपडा लम्बाई तान्ने,<br>९. फ्रेम भित्रको कपडा तनक्क तन्काउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>फ्रेम<br>कपडा<br>सियो<br>धागो<br>पञ्जा, एप्रोन<br><br>**निर्दिष्ट कार्य (के):**<br>फ्रेम चलाउने ।<br><br>**स्तर (कति राम्रो):**<br>▪ फ्रेममा कपडा सेट गर्न जानेको ।<br>▪ फ्रेममा ध्यान केन्द्रित गरेको । | **फ्रेम**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ प्रयोग<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरण:** फ्रेम, सियो आदि ।
**सुरक्षा तथा सावधानी:** फ्रेममा कपडा भर्दा होशियारीपूर्वक भर्नुपर्दछ, ज्यादा दबाब भएमा फ्रेम भाँचिन सक्छ ।

# कार्य विश्लेषण

समय : ३ घण्टा
निर्दिष्ट कार्य: ६ धागो चलाउने ।
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. रिङ वा तान सफा गर्ने,<br>४. रिङ वा तानमा कपडा राखी धागो भर्ने,<br>५. डिजाइन अनुसार कपडामा कटन, रेशम बहु धागोबाट टाँका दिई बुट्टा भर्ने,<br>६. कपडामा बुट्टा छापी पहिले कटन धागाले टाँका लिने र त्यसपछि रेसम धागोले सिक्रि टाँका लिई शुरु गर्ने,<br>७. बट्टु धागोबाट अथवा जरी धागोले तयार भएको बुट्टालाई पिट्टाको प्रयोग गरी पिट्ने यसो गर्दा जरी/बट्टु धागोको काम सफा देखिन्छ ।<br>८. कटन, रेशम धागो वा बट्टु धागोको टाँका लिदा टाँका बराबर हुनुपर्छ ।<br>९. सावधानी अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br><br>प्लान्ट/हल<br>सियो<br>कुरूस<br>मेशिन<br>धागो<br>तान<br>पञ्जा, एप्रोन<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br><br>धागो कपडामा चलाउने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br><br>▪ धागो भर्न जानेको ।<br>▪ धागोको कलरहरू चिन्न सकेको ।<br>▪ धागोको क्याटलग पढ्न जानेको । | **धागो**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ प्रयोग<br>कटन वा बट्टु धागो एकसरो हुने पर्ने ।<br><br>रेशम धागो दुईसरो हुनुपर्छ । |

**ज्यावल तथा उपकरण:** सियो, कुरूस, मेशिन आदि ।
**सुरक्षा तथा सावधानी:** धागोको काम गर्दा नाक, मुखमा मास्क लगाउनु पर्छ ।
आँखामा सफा लेन्स बिनाको चश्मा लगाउनु पर्दछ ।

# कार्य विश्लेषण

समय : ३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा

निर्दिष्ट कार्य: ७ पिट्टा चलाउने ।

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. पिट्टाको पहिचान गर्ने,<br>४. पिट्टा चलाउने,<br>५. पिट्टा चलाउदा ह्याण्डिल भएको माथि र ह्याण्डिल नभएको तल राखि पिट्ने,<br>६. बट्ठु अथवा जरी धागाले बुट्टा भरिसकेपछि पिट्टाको सहाराले एउटा हात तल र अर्को हात माथि राखि पिट्ने<br>७. सावधानी अपनाउने् | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>पिट्टा<br>**निर्दिष्ट कार्य (के):**<br>पिट्टा चलाउने ।<br>**स्तर (कति राम्रो):**<br>▪ औजारको नाम जानेको ।<br>▪ पिट्टा चलाएको । | **पिट्टा**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ प्रयोग<br>▪ उपयोग गर्ने<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरण:** पिट्टा वा मारतोल आदि ।
**सुरक्षा तथा सावधानी:** पिट्टा वा मारतोल चलाउँदा मोति, सितारा, ऐना फुट्न सक्छन् (उछिट्टिएर आँखामा परी दुर्घटना हुनसक्छ) त्यसैले पिट्टा चलाउँदा ती सामानलाई बचाएर चलाउनु पर्छ । पिटा चलाउन जरीको काम गर्नु र्ने भउकोले पहिले जरीको काम गरी पिट्टाले ठोकेर मात्र पोते, सितारा ऐनाको काम गर्ने ।

# कार्य विश्लेषण

समय : ३ घण्टा<br>
निर्दिष्ट कार्यः ८. आइरन चलाउने ।<br>
सैद्धान्तिक : १ घण्टा<br>
प्रयोगात्मक : २ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक सामानहरू जम्मा गर्ने,<br>३. आइरन गर्ने टेबल निश्चित ठाउँमा राख्ने,<br>४. टेबलमा कपडा मिलाएर ओच्छ्याउने,<br>५. ओच्छ्याइएको कपडा यता उता नसर्ने गरी टेबलमा बाँध्ने,<br>६. त्यसपछि आइरन प्लेट राख्ने,<br>७. प्लेटमा आइरन राख्ने,<br>८. विद्युतीय तार जोडी आइरन तताउने,<br>९. टेबलमा आइरन गर्ने कपडा मिलाउने,<br>१०. खुम्चिएको भाग मिलाउने<br>११. कपडा कस्तो छ त्यहि अनुसार आइरनको तापक्रम मिलाउने र कपडालाई हल्का तन्काई आइरन लगाउने ।<br>१२. आइरन दल्ने ।<br>१३. कपडा पट्याउने ।<br>१४. भण्डार गर्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>हल<br>टेबल<br>कपडा<br>आइरन<br>पञ्जा, एप्रोन<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>आइरन चलाउने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>▪ आइरनको विभिन्न भागको नाम र काम बताएको ।<br>▪ आइरनमा कपडा अनुसार तापक्रम मिलाएको ।<br>▪ सुरक्षित रूपमा आइरन चलाएको । | **कपडा**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ ओछ्याउनु पर्ने मोटाई<br>▪ अपनाउनु पर्ने सावधानी<br>**आइरन**<br>▪ परिचय<br>▪ काम<br>▪ किसिम<br>▪ महत्व<br>▪ तापक्रम<br>▪ कपडाको किसिम अनुसारको आइरनमा हुनुपर्ने तापक्रम<br>▪ आइरन गर्नेको कपडाको सुरक्षा व्यवस्था<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरणः** टेबल, आइरन आदि ।<br>
**सुरक्षा तथा सावधानीः** आइरन धेरै तताएमा वा तातो भएमा आइरन गर्दा कपडामा आगो लाग्न सक्छ र त्यसबाट जनधनको क्षति हुन सक्दछ । त्यसैले आइरनलाई उपयुक्त मात्रामा मात्र तताउनु पर्छ ।

# मोड्यूल : २ : क्याटलग अध्ययन/व्याख्यान

**समय : १० घण्टा**

**कार्यहरू: (Tasks):**

१. हाते इम्ब्रोइडरी क्याटलग पढ्ने/व्याख्यान गर्ने ।
२. इम्ब्रोइडरी खाका क्याटलग पढ्ने/व्याख्यान गर्ने ।

## कार्य विश्लेषण

समय : ५ घण्टा

निर्दिष्ट कार्य : १ हाते इम्ब्रोइडरी क्याटलग पढ्ने/व्याख्यान गर्ने । सैद्धान्तिक : २ घण्टा

प्रयोगात्मक : ३ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. हाते बुट्टादार क्याटलग लिने,<br>३. हाते बुट्टादार क्याटलग अध्ययन गर्ने,<br>४. क्याटलगमा भएका मुख्य मुख्य विभिन्न बुट्टा पहिचान गर्ने,<br>५. पहिचान गरिएका कुराहरू बताउने,<br>६. सावधानी अपनाउने,<br>७. हाते बुट्टादार क्याटलग सुरक्षित ठाउँमा राख्ने,<br>८. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>हाते बुट्टादार क्याटलग<br><br>**निर्दिष्ट कार्य (के):**<br>हाते बुट्टादार क्याटलगको बयान गर्ने<br><br>**स्तर (कति राम्रो):**<br>हाते बुट्टादार क्याटलगको बूँदागत रूपमा बयान गरेको । | **हाते बुट्टादार क्याटलग**<br>▪ परिचय<br>▪ महत्व<br>▪ विशेषताहरू<br>▪ हाते बुट्टाबाट तयार गरिने क्याटलगहरूको किसिम<br>▪ हाते बुट्टाबाट तयार गरिने क्याटलग बयान गर्ने तरिका<br>▪ यसका लागि अपनाउनुपर्ने सावधानीहरू<br>▪ अभिलेख राख्ने तरिका र फारामहरू |

**ज्यावल तथा उपकरण:**

**सुरक्षा तथा सावधानी:**

# कार्य विश्लेषण

समय : ५ घण्टा

निर्दिष्ट कार्य : २ इम्ब्रोइडरी खाका क्याटलग पढ्ने/व्याख्यान गर्ने ।

सैद्धान्तिक : २ घण्टा

प्रयोगात्मक : ३ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादिश प्राप्त गर्ने,<br>२. इम्ब्रोइडरी खाका क्याटलग लिने,<br>३. खाका क्याटेलगको अध्ययन गर्ने,<br>४. खाका क्याटेलगको भित्र रहेको मुख्य मुख्य बूँदाहरूको पहिचान गर्ने,<br>५. पहिचान गर्नेको बुँदा देखाउने,<br>६. साबधानी अपनाउने,<br>७. इम्ब्रोइडरी क्याटेलग सुरक्षित ठाउँमा राख्ने,<br>८. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>कपडा, सितारा, , मोती, कसव, कस्ती, कैची, फोटो, क्याटलग, पेपर, पोते ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>हाते इम्ब्रोइडरी क्याटलगको बयान गर्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>हाते इम्ब्रोइडरी क्याटलगको बूँदागत रूपमा बयान गरेको । | **इम्ब्रोइडरी खाका क्याटेलग**<br>▪ परिचय<br>▪ महत्व<br>▪ विशेषताहरू<br>▪ इम्ब्रोइडरी क्याटेलगको किसिम<br>▪ इम्ब्रोइडरी क्याटेलगको बयान गर्ने तरिका<br>▪ यसका लागि अपनाउनुपर्ने सावधानीहरू<br>▪ अभिलेख राख्ने तरिका र फारामहरू |

**ज्यावल तथा उपकरण:**

**सुरक्षा तथा सावधानी:**

# मोड्यूल : ३ : इम्ब्रोइडरी/सितारा जडान/टचासिङ्ग

**समय : ४५ घण्टा**

**कार्यहरु (Tasks):**

१. पातको नक्सा कोर्ने/उतार्ने । (Sketch/trace of leaf)
२. ताराको नक्सा कोर्ने/उतार्ने । (Sketch/trace of star)
३. लहराको नक्सा कोर्ने/उतार्ने । (Sketch/trace of lahara)
४. नागबेलीको नक्सा कोर्ने/उतार्ने । (Sketch/trace of nagbeli)
५. कुर्ताको गला/बाहुलाको डिजाइन कोर्ने/उतार्ने (Sketch/trace of kurtha neck/sleeve design)
६. ब्लाउजमा गलाको डिजाइन कोर्ने/उतार्ने (Sketch/trace of blouse neck design)
७. ट्रेसिङ्ग पेपरमा बनाईएको बुट्टाको ढाँचामा प्वाल पार्ने (Make hole on embraidory pattern on tracing)

# कार्य विश्लेषण

समय : ५ घण्टा

निर्दिष्ट कार्य: १ पातको नक्सा कोर्ने/उतार्ने । सैद्धान्तिक : २ घण्टा

प्रयोगात्मक : ३ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
| --- | --- | --- |
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>३. टेबल मिलाउने,<br>४. टेबलमा क्याटलग र ट्रेस पेपर राख्ने,<br>५. पातको नक्सा माथि ट्रेस पेपर राख्ने,<br>६. पेपरमाथि पेन्सिल वा साइन पेनले पातको नक्सा कोर्ने/उतार्ने<br>७. उपयुक्त सावधानी अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>पातको नक्सा भएको क्याटलग, ट्रेसपेपर, टेबल, पेन्सिल ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>पातको नक्सा कोर्ने/उतार्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>उपयुक्त प्रक्रिया अपनाई पातको हुबहु नक्सा कोरेको/उतारेको । | **नक्सा**<br>▪ परिचय<br>▪ किसिम<br>▪ साइजका आधारमा<br>• ठूलो<br>• सानो<br>▪ कोर वा उतार विधि/प्रक्रिया<br>▪ नक्सा कोर्दा प्रयोग गर्न सकिने सामानहरू<br>▪ आवश्यक उपकरणहरू<br>▪ अपनाउनुपर्ने सावधानीहरू<br>▪ नक्साका लागि प्रयोग हुने कागतका किसिम |

**ज्यावल तथा उपकरण:**

**सुरक्षा तथा सावधानी:**

# कार्य विश्लेषण

समय : ५ घण्टा
निर्दिष्ट कार्य: २  ताराको नक्सा कोर्ने/उतार्ने ।
सैद्धान्तिक : २ घण्टा
प्रयोगात्मक : ३ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादिश प्राप्त गर्ने,<br>२. एप्रोन र पंजा लगाउने<br>३. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>४. टेबल मिलाउने,<br>५. टेबलमा क्याटलग र ट्रेस पेपर राख्ने,<br>६. ताराको नक्सा माथि  ट्रेस पेपर राख्ने,<br>७. पेपरमाथि पेन्सिल वा साइन पेनले ताराको नक्सा कोर्ने/उतार्ने<br>८. उपयुक्त सावधानी अपनाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>पातको नक्सा भएको क्याटलग,  ट्रेसपेपर, टेबल, पेन्सिल ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>ताराको नक्सा कोर्ने/उतार्ने<br><br>**स्तर (कति राम्रो):**<br>उपयुक्त प्रक्रिया अपनाई ताराको हुबहु नक्सा कोरेको/उतारेको | **नक्सा**<br>■ परिचय<br>■ किसिम<br>■ साइजका आधारमा<br>• ठूलो<br>• सानो<br>■ कोर वा उतार विधि/प्रक्रिया<br>■ नक्सा कोर्दा प्रयोग गर्न सकिने सामानहरू<br>■ आवश्यक उपकरणहरू<br>■ अपनाउनुपर्ने सावधानीहरू<br>■ नक्साका लागि प्रयोग हुने कागतका किसिम |

**ज्यावल तथा उपकरण:**
**सुरक्षा तथा सावधानी:**

# कार्य विश्लेषण

निर्दिष्ट कार्यः ३ लहराको नक्सा कोर्ने/उतार्ने ।

समय : ५ घण्टा
सैद्धान्तिक : २ घण्टा
प्रयोगात्मक : ३ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>३. टेबल मिलाउने,<br>४. टेबल मिलाउने,<br>५. टेबलमा क्याटलग र ट्रेस पेपर राख्ने,<br>६. लहराको नक्सा माथि ट्रेस पेपर राख्ने,<br>७. पेपरमाथि पेन्सिल वा साइन पेनले लहराको नक्सा कोर्ने/उतार्ने<br>८. उपयुक्त सावधानी अपनाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>लहराको नक्सा, ट्रेसपेपर, टेबल, पेन्सिल<br><br>**निर्दिष्ट कार्य (के):**<br>लहराको नक्सा कोर्ने/उतार्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>उपयुक्त प्रक्रिया अपनाई लहराको हुबहु नक्सा कोरेको/उतारेको । | **नक्सा**<br>■ परिचय<br>■ किसिम<br>■ साइजका आधारमा<br>• ठूलो<br>• सानो<br>■ कोर वा उतार विधि/प्रक्रिया<br>■ नक्सा कोर्दा प्रयोग गर्न सकिने सामानहरू<br>■ आवश्यक उपकरणहरू<br>■ अपनाउनुपर्ने सावधानीहरू<br>■ नक्साका लागि प्रयोग हुने कागतका किसिम |

**ज्यावल तथा उपकरणः**
**सुरक्षा तथा सावधानीः**

# कार्य विश्लेषण

निर्दिष्ट कार्य: ४ नागबेलीको नक्सा कोर्ने/उतार्ने ।

समय : ५ घण्टा
सैद्धान्तिक : २ घण्टा
प्रयोगात्मक : ३ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>३. टेबल मिलाउने,<br>४. टेबलमा क्याटलग र ट्रेस पेपर राख्ने,<br>५. नागवेलीको नक्सा माथि ट्रेस पेपर राख्ने,<br>६. पेपरमाथि पेन्सिल वा साइन पेनले नागवेलीको नक्सा कोर्ने/उतार्ने<br>७. उपयुक्त सावधानी अपनाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>नागवेलीको नक्सा, ट्रेसपेपर, टेबल, पेन्सिल<br><br>**निर्दिष्ट कार्य (के):**<br>नागवलीको नक्सा कोर्ने/उतार्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>उपयुक्त प्रक्रिया अपनाई नागवेलीको हुबहु नक्सा कोरेको/उतारेको । | **नक्सा**<br>▪ परिचय<br>▪ किसिम<br>▪ साइजका आधारमा<br>• ठूलो<br>• सानो<br>▪ कोर्ने वा उतार्ने विधि/प्रक्रिया<br>▪ नक्सा कोर्दा प्रयोग गर्न सकिने सामानहरू<br>▪ आवश्यक उपकरणहरू<br>▪ अपनाउनुपर्ने सावधानीहरू<br>▪ नक्साका लागि प्रयोग हुने कागतका किसिम |

**ज्यावल तथा उपकरण:**
**सुरक्षा तथा सावधानी:**

# कार्य विश्लेषण

निर्दिष्ट कार्य: ५ कुर्ताको गला/बाहुलाको डिजाइन कोर्ने/उतार्ने

समय : ८ घण्टा
सैद्धान्तिक : ३ घण्टा
प्रयोगात्मक : ५ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने,<br>२. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>३. टेबल मिलाउने,<br>४. टेबलमा क्याटलग ट्रेस पेपर राख्ने,<br>५. ट्रेस पेपरमा क्याटलग अनुसार गला र बाहुलाको नाप लिई नाप अनुसार ट्रेसिङ्ग पेपरमा बुट्टा उतार्ने,<br>६. कुर्ताको गला/बाहुलाको डिजाइन माथि ट्रेस पेपर राख्ने,<br>७. पेपरमाथि पेन्सिल वा साइन पेनले कुर्ताको गला/बाहुलाको डिजाइन कोर्ने/उतार्ने<br>८. उपयुक्त सावधानी अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>कुर्ताको गला र बाहुला भएको नक्सा, ट्रेसपेपर, टेबल, पेन्सिल साइन पेन,<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>कुर्ताको गला/ बाहुलाको नक्सा कोर्ने/उतार्ने<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>उपयुक्त प्रक्रिया अपनाई कुर्ताको गला र बाहुलाको डिजाइनको हुबहु नक्सा कोरेको/उतारेको | **नक्सा /डिजाइन**<br>▪ परिचय<br>▪ किसिम<br>▪ साइजका आधारमा<br>• ठूलो<br>• सानो<br>▪ कोर्ने वा उतार्ने विधि/प्रक्रिया<br>▪ नक्सा कोर्दा प्रयोग गर्न सकिने सामानहरू<br>▪ आवश्यक उपकरणहरू<br>▪ अपनाउनुपर्ने सावधानीहरू<br>▪ नक्साका लागि प्रयोग हुने कागतका किसिम |

# कार्य विश्लेषण

निर्दिष्ट कार्य: ६ ब्लाउजमा गलाको डिजाइन कोर्ने/उतार्ने ।

समय : ८ घण्टा
सैद्धान्तिक : ३ घण्टा
प्रयोगात्मक : ५ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादिश प्राप्त गर्ने,<br>२. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>३. टेबल मिलाउने,<br>४. टेबलमा क्याटलग र ट्रेस पेपर राख्ने,<br>५. ट्रेस पेपरमा क्याटलग अनुसार ब्लाउजमा गलाको नाप लिई नाप अनुसार बुट्टा उतार्ने ।<br>६. ब्लाउजको गलाको डिजाइन माथि ट्रेस पेपर राख्ने,<br>७. पेपरमाथि पेन्सिल वा साइन पेनले ब्लाउजको गलाको डिजाइन कोर्ने/उतार्ने<br>८. उपयुक्त सावधानी अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>ब्लाउजको गला भएको नक्सा, ट्रेसपेपर, टेबल, पेन्सिल, साइन पेन,<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>ब्लाउजको गलाको नक्सा कोर्ने/उतार्ने<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br><br>उपयुक्त प्रक्रिया अपनाई ब्लाउजको गलाको डिजाइनको हुबहु नक्सा कोरेको/उतारेको | **नक्सा /डिजाइन**<br>▪ परिचय<br>▪ किसिम<br>▪ साइजका आधारमा<br>• ठूलो<br>• सानो<br>▪ कोर्ने वा उतार्ने विधि/प्रक्रिया<br>▪ नक्सा कोर्दा प्रयोग गर्न सकिने सामानहरू<br>▪ आवश्यक उपकरणहरू<br>▪ अपनाउनुपर्ने सावधानीहरू<br>▪ नक्साका लागि प्रयोग हुने कागतका किसिम |

# कार्य विश्लेषण

समय : ९ घण्टा
निर्दिष्ट कार्यः ७ ट्रेसिङ्ग पेपरमा बनाइएको बुट्टाको ढाँचामा प्वाल बनाउने । सैद्धान्तिक : ३ घण्टा
प्रयोगात्मक : ६ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. लिक्विड पेन तथा हेमिङ्ग सियो जस्ता आवश्यक औजार र सामग्री जम्मा गर्ने<br>३. राम्रो ट्रेसिङ्ग पेपर छान्ने,<br>४. बनाइने बुट्टा लिक्विड पेनको सहायताले ट्रेसिङ्ग पेपरमा उतार्ने<br>५. बुट्टा उतारिएको ट्रेसिङ्ग पेपर बाक्लो कपडा वा फोममा मिलाएर राख्ने,<br>६. हेमिङ सियोले बुट्टा उतारिएको ट्रेसिङ्ग पेपरमा ९०° को कोणमा सियो राखी समान दुरीमा स-साना प्वाल पार्ने<br>७. आवश्यक सावधानी अपनाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>टेबल, नक्सा, मोति पिन, हाते सियो,छाप कपडा, पेपर (खाका), पञ्जा, एप्रोन,सफेदा पाउडर, मट्टितेल, फोम ।<br><br>**निर्दिष्ट कार्य (के):**<br><br>ट्रेसिङ्ग पेपरमा बनाइएको बुट्टाको ढाँचामा प्वाल बनाउने ।<br><br>**स्तर (कति राम्रो):**<br><br>▪ ट्रेसिङ्ग पेपरको प्वाल साना र एकनासका बुट्टा बनाएको ।<br>▪ सियो ९०° को कोणमा पारेर प्वाल बनाएको । | **सफेदा**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ बनाउने तरिका<br>▪ मट्टितेलमा सफेदा घोल तरिका ।<br>**ट्रेसिङ्ग पेपर**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ तानमा कपडा मिलाउने तरिका<br>▪ कपडामाथि नक्सा उतार्ने तरिका ।<br>अपनाउनु पर्ने सावधानी<br>**ट्रेसिङ्ग पेपरमा पारिने प्वालका आकार प्रकारहरू**<br>▪ प्वाल पार्नुको उद्देश्य<br>▪ अपनाउनु पर्ने सावधानीहरू |

**ज्यावल तथा उपकरणः**
**सुरक्षा तथा सावधानीः**

# मोड्यूल : ४ : कपडामा ढांचा छपाई

**समय : ५० घण्टा**

**कार्यहरु (Tasks):**

१. कपडामा पातको नक्सा उतार्ने । (Print sketch of a leaf)
२. कपडामा फूलको नक्सा उतार्ने । (Print sketch trace of flower)
३. कपडामा लहराको नक्सा उतार्ने । (Print sketch of a lahara)
४. कपडामा कुर्ताको गला तथा बाहुलाको नक्सा उतार्ने । (Print of kurtha neck/sleeve design)
५. कपडामा ब्लाउजको गला को नक्सा उतार्ने । (Print of blouse neck design)

# कार्य विश्लेषण

समय : ८ घण्टा
सैद्धान्तिक : ३ घण्टा
प्रयोगात्मक : ५ घण्टा

निर्दिष्ट कार्य :१ कपडामा पातको नक्सा उतार्ने ।

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. एप्रोन र पंजा लगाउने<br>३. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>४. पातको स्केच ट्रेसिङ्ग पेपरमा उतार्ने<br>५. सफेदा/मट्टितेल तयार पार्ने<br>६. हेमिङ्ग सियो वा मोती पिनले ट्रेसिङ्ग पेपरमा भएको बुट्टा अनुसारको स-साना प्वाल पार्ने<br>७. कपडामा पातको बुट्टा राख्ने भागमा चिन्ह लगाउने<br>८. टेबलमा कपडा मिलाएर राख्ने,<br>९. सफेदामा मट्टितेलको आवश्यक मात्रा राखी सुती कपडा वा कपासको सहायताले घोल्ने<br>१०. चिन्ह लगाएको कपडाको भागमा मिलाएर ट्रेसिङ्ग राख्ने,<br>११. ट्रेसिङ्ग राख्नेको कपडामा घोल सफेदाको सहायताले छाप्ने<br>१२. बिस्तारै ट्रेसिङ्ग निकाल्ने<br>१३. कपडा घाममा सुकाउने<br>१४. सफेदा जथाभावी नपार्न उपयुक्त सावधानी अपनाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>टेबल, पातको नक्सा, मट्टितेल, कटन, तान, फ्रेम, सफेदा, कचौरा, छाप कपडा, पेपर (खाका) ,पञ्जा, एप्रोन ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कपडामा पातको नक्सा उतार्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>▪ कपडामा प्रक्रियागतरूपमा पातको नक्सा हुबहु उतारेको ।<br>▪ आवश्यक सावधानी अपनाएको । | **सफेदा**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ बनाउने तरिका<br>▪ मट्टितेलमा सफेदा घोल तरिका ।<br>**ट्रेसिङ्ग पेपर**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ तानमा कपडा मिलाउने तरिका<br>▪ कपडामाथि नक्सा उतार्ने तरिका ।<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरणः**
**सुरक्षा तथा सावधानीः**

# कार्य विश्लेषण

समय : ८ घण्टा

निर्दिष्ट कार्य:२ कपडामा फूलको नक्सा उतार्ने ।

सैद्धान्तिक : ३ घण्टा

प्रयोगात्मक : ५ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. एप्रोन र पंजा लगाउने<br>३. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>४. फूलको स्केच ट्रेसिङ्ग पेपरमा उतार्ने,<br>५. सफेदा/मट्टितेल तयार पार्ने<br>६. हेमिङ्ग सियोले ट्रेसिङ्ग पेपरमा भएको बुट्टा अनुसारको प्वाल पार्ने<br>७. कपडाको, फूलको बुट्टा राख्ने भागमा चिन्ह लगाउने<br>८. टेबलमा कपडा मिलाएर राख्ने,<br>९. सफेदामा मट्टितेलको आवश्यक मात्रा राखी सुती कपडा वा कपासको सहायताले घोल्ने,<br>१०. चिन्ह लगाउने कपडाको भागमा मिलाएर टेसिङ्ग राख्ने,<br>११. ट्रेसिङ्ग राख्नेको कपडामा घोल सफेदाको सहायताले छाप्ने,<br>१२. बिस्तारै ट्रेसिङ्ग निकाल्ने<br>१३. कपडा घाममा सुकाउने<br>१४. सफेदा जथाभावी नपार्न उपयुक्त सावधानी अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>टेबल, फूलको नक्सा, मट्टितेल, कटन, तान, फ्रेम, सफेदा, कचौरा, छाप कपडा, पेपर (खाका), पञ्जा, एप्रोन ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>कपडामा फूलको नक्सा उतार्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>▪ कपडामा प्रक्रियागतरूपमा फूलको नक्सा हुबहु उतारेको ।<br>▪ आवश्यक सावधानी अपनाएको । | **सफेदा**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ बनाउने तरिका<br>▪ मट्टितेलमा सफेदा घोल तरिका ।<br>**तान वा फ्रेम**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ तानमा कपडा मिलाउने तरिका<br>▪ कपडामाथि नक्सा उतार्ने तरिका ।<br>▪ अपनाउनु पर्ने सावधानी |

**ज्यावल तथा उपकरण:**

**सुरक्षा तथा सावधानी:**

# कार्य विश्लेषण

समय : ८ घण्टा
निर्दिष्ट कार्य:३ कपडामा लहराको नक्सा उतार्ने । सैद्धान्तिक : ३ घण्टा
प्रयोगात्मक : ५ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. एप्रोन र पंजा लगाउने<br>३. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>४. लहराको स्केच ट्रेसिङ्ग पेपरमा उतार्ने<br>५. सफेदा/मट्टितेल तयार पार्ने<br>६. हेमिङ्ग सियोले ट्रेसिङ्ग पेपरमा भएको बुट्टा अनुसारको प्वाल पार्ने,<br>७. कपडाको, लहराको बुट्टा राख्ने भागमा चिन्ह लगाउने,<br>८. टेबलमा कपडा मिलाएर राख्ने,<br>९. सफेदामा मट्टितेलको आवश्यक मात्रा अनुसार सुती कपडा वा कपासको सहायताले घोल्ने,<br>१०. चिन्ह लगाउनेको कपासको भागमा मिलाएर टेसिङ्ग राख्ने,<br>११. ट्रेसिङ्ग राखेको कपडामा घोल सफेदाको सहायताले छाप,<br>१२. बिस्तारै ट्रेसिङ्ग निकाल,<br>१३. कपडा घाममा सुकाउने ।<br>१४. सफेदा जथाभावी नपार्न उपयुक्त सावधानी अपनाउने । | **अवस्था (दिइएको):**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>टेबल, लहराको नक्सा, मट्टितेल, कटन, तान, फ्रेम, सफेदा, कचौरा, छाप कपडा, पेपर (खाका) ।<br><br>**निर्दिष्ट कार्य (के):**<br>कपडामा लहराको नक्सा उतार्ने ।<br><br>**स्तर (कति राम्रो):**<br>▪ कपडामा लहराको नक्सा हुबहु उतारेको ।<br>▪ आवश्यक सावधानी अपनाएको । | **सफेदा**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ बनाउने तरिका<br>▪ मट्टितेलमा सफेदा घोल तरिका ।<br>**तान वा फ्रेम**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ तानमा कपडा मिलाउने तरिका<br>▪ कपडामाथि नक्सा उतार्ने तरिका ।<br>▪ अपनाउनु पर्ने सावधानी |

ज्यावल तथा उपकरण:
सुरक्षा तथा सावधानी:

# कार्य विश्लेषण

समय : ८ घण्टा
निर्दिष्ट कार्य : ४ कपडामा कुर्ताको गला तथा बाहुलाको नक्सा उतार्ने । सैद्धान्तिक : ३ घण्टा
प्रयोगात्मक : ५ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. एप्रोन र पंजा लगाउने<br>३. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>४. कुर्ताको गला तथा बाहुलाको स्केच ट्रेसिङ्ग पेपरमा उतार्ने<br>५. सफेदा/मट्टितेल तयार पार्ने<br>६. हेमिङ्ग सियोले ट्रेसिङ्ग पेपरमा भएको बुट्टा अनुसारको प्वाल पार्ने,<br>७. कुर्ताको गला तथा बाहुलाको बुट्टा राख्ने भागमा चिन्ह लगाउने,<br>८. टेबलमा कपडा मिलाएर राख्ने,<br>९. सफेदामा मट्टितेलको आवश्यक मात्रा अनुसार सुती कपडा वा कपासको सहायताले घोल्ने,<br>१०. चिन्ह लगाएको भागमा मिलाएर टेसिङ्ग राख्ने,<br>११. ट्रेसिङ्ग राखेको कपडामा घोल सफेदाको सहायताले छाप्ने,<br>१२. बिस्तारै ट्रेसिङ्ग निकाल्ने,<br>१३. कपडा घाममा सुकाउने ।<br>१४. सफेदा जथाभावी नपार्ने उपयुक्त सावधानी अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>**आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला**<br>टेबल, लहराको नक्सा, मट्टितेल, कटन, तान, फ्रेम, सफेदा, कचौरा, छाप कपडा, पेपर (खाका) ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>कुर्ताको गला तथा बाहुलाको नक्सा उतार्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>▪ कुर्ताको गला तथा बाहुलाको नक्सा हुबहु उतारेको ।<br>▪ आवश्यक सावधानी अपनाएको । | **सफेदा**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ बनाउने तरिका<br>▪ मट्टितेलमा सफेदा घोल तरिका ।<br>**तान वा फ्रेम**<br>▪ परिचय<br>▪ काम<br>▪ महत्व<br>▪ तानमा कपडा मिलाउने तरिका<br>▪ कपडामाथि नक्सा उतार्ने तरिका ।<br>▪ अपनाउनु पर्ने सावधानी |

# कार्य विश्लेषण

समय : ८ घण्टा
निर्दिष्ट कार्य : ५ कपडामा ब्लाउजको गला को नक्सा उतार्ने । सैद्धान्तिक : ३ घण्टा
प्रयोगात्मक : ५ घण्टा

| क्रियाकलापका चरणहरू | प्राविधिक क्रियाकलापका उद्देश्यहरू | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने,<br>२. एप्रोन र पंजा लगाउने<br>३. आवश्यक औजार र सामग्री जम्मा गर्ने,<br>४. ब्लाउजको गलाको स्केच ट्रेसिङ्ग पेपरमा उतार्ने<br>५. सफेदा/मट्टितेल तयार पार्ने<br>६. हेमिङ्ग सियोले ट्रेसिङ्ग पेपरमा भएको बुट्टा अनुसारको प्वाल पार्ने,<br>७. ब्लाउजको गलाको बुट्टा राख्ने भागमा चिन्ह लगाउने,<br>८. टेबलमा कपडा मिलाएर राख्ने,<br>९. सफेदामा मट्टितेलको आवश्यक मात्रा अनुसार सुती कपडा वा कपासको सहायताले घोल्ने,<br>१०. चिन्ह लगाएको भागमा मिलाएर टेसिङ्ग राख्ने,<br>११. ट्रेसिङ्ग राखेको कपडामा घोल सफेदाको सहायताले छाप्ने,<br>१२. बिस्तारै ट्रेसिङ्ग निकाल,<br>१३. कपडा घाममा सुकाउने ।<br>१४. सफेदा जथाभावी नपार्न उपयुक्त सावधानी अपनाउने । | **<u>अवस्था (दिइएको):</u>**<br>आवश्यक सामानहरू सहितको इम्ब्रोइडरी कार्यशाला<br>टेबल, ब्लाउजको गलाको डिजाइन मट्टितेल, कटन, तान, फ्रेम, सफेदा, कचौरा, छाप कपडा, पेपर (खाका) ।<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>ब्लाउजको गलाको नक्सा उतार्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>■ ब्लाउजको गलाको नक्सा हुबहु उतारेको ।<br>■ आवश्यक सावधानी अपनाएको । | **सफेदा**<br>■ परिचय<br>■ काम<br>■ महत्व<br>■ बनाउने तरिका<br>■ मट्टितेलमा सफेदा घोल तरिका ।<br>**तान वा फ्रेम**<br>■ परिचय<br>■ काम<br>■ महत्व<br>■ तानमा कपडा मिलाउने तरिका<br>■ कपडामाथि नक्सा उतार्ने तरिका ।<br>■ अपनाउनु पर्ने सावधानी |

# मोड्यूल : ५ : टांकाहरुको कार्य

**समय : ९५ घण्टा**

***कार्यहरु (Tasks) :***

